Regd No. 192173/074/075
PAN No. : 304300875

# SINGATI HYDRO ENERGY LTD.

Hadigaun, Kathmandu, Nepal

प.सं. ७९
२०८१/०९/०६

मिति : २०८१/०९/०७

च.नं.

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड,

युएनआई शान्ति मार्ग, भद्रकाली काठमाण्डौ ।

विषय : वार्षिक साधारण सभाको जानकारी तथा शेयर दाखिल खारेज दर्ता कार्य बन्द ( **Book Close**) गर्ने सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा यस सिंगटी हाईड्रो इनर्जी लिमिटेडको मिति २०८१/०९/०५ गते शुक्रबार साँझ ५:३० बजे बसेको सञ्चालक समितिको ०८१/०८२ को १३ औं बैठकको निर्णय अनुसार यस कम्पनीको पन्ध्रौं (पब्लिक लिमिटेड भए पश्चात् सातौं) वार्षिक साधारण सभा मिति २०८१/०९/२९ गते बिहान ११:०० बजे धुम्रबराह भेन्यु, धुम्वाराही, काठमाण्डौमा बस्ने निर्णय भएको हुँदा सो को जानकारी साथै उक्त वार्षिक साधारण प्रयोजनका लागि मिति २०८१/०९/१४ आइतबारका दिन यस कम्पनीको शेयर दाखिल खारेज दर्ता कार्य बन्द (Book Close) गर्ने भनी सोही मितिमा सञ्चालक समितिबाट निर्णय भएको हुँदा उक्त व्यहोरा जानकारी गराएको छु । सोही व्यहोराको राष्ट्रिय दैनिकमा प्रकाशित सूचना समेत यसैसाथ संलग्न छ ।

भवदीय

विष्णुप्रसाद रेग्मी

(कम्पनी सचिव)

बोधार्थ

श्री कम्पनी रजिष्ट्रारको कार्यालय,त्रिपुरेश्वर, काठमाण्डौ ।

श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।

श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलीसडक, काठमाण्डौ ।

श्री एन आई एम बि एस क्यापिटल लिमिटेड, लाजिम्पाट काठमाण्डौ ।

# सिंगटी हाइड्रो इनर्जी लि.

हाडीगाँउ, काठमाण्डौ, फोन नं. ०१-४५४३२०२, ४५४३२०३

**Email: shehydro@gmail.com, web: www.singatihydro.com**


## पन्ध्रौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०८१/०९/०७)**

यस सिंगटी हाइड्रो इनर्जी लि.को मिति २०८१/०९/०५ मा बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार कम्पनीको पन्ध्रौं (पब्लिक लिमिटेड भए पश्चात् सातौं) वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका विषयहरूमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७(२) बमोजिम सम्पूर्ण शेयरधनीहरूको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**वार्षिक साधारण सभा हुने मिति, समय र स्थान**

**मिति** : २०८१ साल पौष २९ गते सोमबार

**समय** : विहानको ठीक ११ बजे ।

**स्थान** : धुम्रबराह भेन्यु, धुम्बाराही, काठमाण्डौ ।

**वार्षिक साधारण सभामा पेश हुने छलफलका विषयहरू:**

**(क) सामान्य प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत हुने आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन/आर्थिक विवरण उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

२. कम्पनीका लेखापरीक्षकद्वारा पेश भएको आ.व.२०८०/८१ का वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह लगायतका वित्तीय विवरणहरू सहितको लेखा परीक्षण प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०८१/८२ का लागि लेखापरिक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

४. अन्य आयोजनाको सम्बन्धमा अध्ययन गरी लगानी गर्ने सम्बन्धमा ।

५. विविध ।

**सञ्चालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

## साधारण सभा सम्बन्धी सामान्य जानकारी

१. यस सिंगटी हाईड्रो इनर्जी लिमिटेडको पन्ध्रौं (पब्लिक लिमिटेड भए पश्चात् सातौं) वार्षिक साधारण प्रयोजनका लागि मिति २०८१/०९/१४ आइतबारका दिन यस कम्पनीको शेयर दाखिल खारेज दर्ता कार्य बन्द (Book Close) रहनेछ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८१/०९/११ गते बिहीबारसम्म कारोबार भई प्रचलित कानून अनुसार तोकिएको समयावधि भित्रमा यस कम्पनीको शेयर रजिष्ट्रार एन आई एम बि एस क्यापिटल लिमिटेड लाजिम्पाट काठमाण्डौमा प्राप्त शेयर नामसारी विवरणको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले मात्र वार्षिक साधारण सभामा भाग लिन र मतदान गर्न पाउने छन् ।

२. वार्षिक साधारण सभामा भाग लिने शेयरधनी महानुभावहरुले आफ्नो परिचय खुल्ने प्रमाण वा फोटो सहितको परिचयपत्र अनिवार्य रुपमा साथमा लिई आउनुपर्नेछ ।

३. साधारण सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रचलित कम्पनी सम्बन्धी कानूनले तोकेको ढाँचामा प्रतिनिधिपत्र (प्रोक्सी) फारम भरी सभा हुनुभन्दा कम्तिमा ४८ घण्टा अगावै कम्पनीको केन्द्रिय कार्यालय काठमाण्डौमा प्रतिनिधिपत्र (प्रोक्सी) दर्ता गराइसक्नु पर्नेछ । कम्पनीको शेयरधनी बाहेक अरुलाई प्रतिनिधिपत्र (प्रोक्सी) दिन पाइने छैन ।

४. शेयरधनी महानुभावहरुको उपस्थिति पुस्तिका साधारणसभा स्थलमा बिहान १०:०० बजेदेखि खुल्ला रहने छ ।

५. वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारी वा साधारण सभामा पेश हुने विवरणहरु सम्बन्धमा कुनै जानकारी आवश्यक भएमा कम्पनीको वेभसाइट www.singatihydro.com बाट वा कार्यालय समयभित्र कम्पनीको केन्द्रिय कार्यालयको टेलिफोन नं. ०१-४५४३२०२ र ४५४३२०३ बाट प्राप्त गर्न सक्नु हुनेछ ।